# Rasuwagadhi Hydropower Company Limited

Maharajgunj, Kathmandu, Nepal

## Unaduted Statement of Financial Position

As at 30 Chaitra 2076 (12 April 2020)

(NRs. "000")

| Particulars | This Quarter Ending Chaitra 2076 | Previous Quarter Ending Poush 2076 | Corresponding Previous Year Quarter Ending Chaitra 2075 |
|---|---|---|---|
| **ASSETS** | | | |
| Non - Current Assets | | | |
| Property, Plant & Equipments | 150,510 | 156,517 | 173,655 |
| Intangible Assets | 55 | 58 | 69 |
| Capital Work in Progress | 10,732,142 | 9,768,412 | 7,271,482 |
| **Total Non - Current Assets** | **10,882,707** | **9,924,987** | **7,445,206** |
| **Current Assets** | | | |
| Inventory | 3,936 | 5,784 | 4,989 |
| Prepayments | 801 | 581 | 1,667 |
| Advances & Deposits | 613,646 | 746,320 | 785,301 |
| Investment | - | - | - |
| Trade Receivables | - | - | - |
| Cash & Cash Equivalents | 759,696 | 244,727 | 56,524 |
| **Total - Current Assets** | **1,378,080** | **997,412** | **848,482** |
| **TOTAL ASSETS** | **12,260,787** | **10,922,399** | **8,293,688** |
| **EQUITY AND LIABILITIES** | | | |
| **Equity** | | | |
| Share Capital | 6,157,890 | 6,157,890 | 5,131,575 |
| Retained Earnings | (192,770) | (149,755) | (128,511) |
| **Total Equity** | **5,965,120** | **6,008,135** | **5,003,064** |
| **Non - Current Liabilities** | | | |
| Long Term Loans | 5,687,430 | 4,395,737 | 2,807,212 |
| **Total Non - Current Liabilities** | **5,687,430** | **4,395,737** | **2,807,212** |
| **Current Liabilities** | | | |
| Provisions | 4,712 | 17,258 | 2,722 |
| Short Term Loan | - | - | 180,000 |
| Trade and Other Payables | 603,526 | 501,268 | 300,690 |
| **Total Current Liabilities** | **608,237** | **518,527** | **483,413** |
| **TOTAL EQUITY AND LIABILITIES** | **12,260,787** | **10,922,399** | **8,293,688** |

### Unadited Statement of Profit or Loss and Other Comprehensive Income

For the period ened Chaitra 2076 (12 April 2020)

(Nrs. "000")

| Particulars | This Quarter Ending Chaitra 2076 | Previous Quarter Ending Poush 2076 | Corresponding Previous Year Quarter Ending Chaitra 2075 |
|---|---|---|---|
| **Income** | | | |
| Revenue from Sale of Electricity | | - | - |
| **Expenses** | | | |
| Hydropower Plant Operating Expenses | | | - |
| Administrative Expenses | (29,565) | (24,485) | (19,520) |
| Depreciation | (2,811) | (1,873) | (2,932) |
| **Operating Profit/ (Loss)** | **(32,376)** | **(26,358)** | **(22,451)** |
| Interest Income | 9,522 | 7,305 | 33,730 |
| Other Income/Expenses | (41,171) | (1,958) | (584) |
| **Profit/(Loss) before Tax and Bonus** | **(64,026)** | **(21,011)** | **10,695** |
| Employee Bonus | | | |
| **Profit/ (Loss) before Tax** | **(64,026)** | **(21,011)** | **10,695** |
| **Less: Tax** | | - | - |
| Current Tax | | | |
| Deferred Tax Income (Expense) | | | |
| **Net Profit/ (Loss) For the Period** | **(64,026)** | **(21,011)** | **10,695** |

धितोपत्रदर्ता तथा निष्काशन नियमावली, २०७३को नियम २६ को उपनियम १) अनुसूची– १४ अनुसार कम्पनीको आ.व.२०७६/०७७को तेस्रो त्रैमासिक प्रतिवेदन ।

१. वित्तिय विवरण

क) त्रैमासिक अबधिको अपरिस्कृत वासलात तथा नाफा-नोक्सान सम्बन्धी विवरणहरु यसै साथ संलग्न गरिएको छ ।

ख) प्रमुख वित्तिय सूचकहरु ।

| क. सं. | विवरण | आ.व. २०७६/०७७को तेस्रो त्रैमासिक अबधि | आ.व. २०७६/०७७को दोस्रो त्रैमासिक अबधि | आ.व. २०७५/०७६को तेस्रो त्रैमासिक अबधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रतिसेयर आम्दानी | -1.39 | -0.68 | 0.28 | बार्षिककरण गरिएको |
| ३ | प्रतिसेयर नेटवर्थ | 96.87 | 97.57 | 97.50 | |
| ४ | प्रतिसेयर कुल सम्पति | 199.11 | 177.37 | 161.62 | |
| ५ | तरलताअनुपात | 2.27 | 1.92 | 1.76 | |

२. व्यवस्थापकीय विश्लेषण

क) यस कम्पनी अन्तर्गत रसुवा जिल्लाको गोसाइकुण्ड गाउँपालिकामा १११ मेगावाट क्षमताको निर्माणाधिन रसुवागढी जलविद्युत आयोजनाको ७८% भौतिक प्रगति रहेको छ। ५०% स्वपुँजी तथा ५०% ऋण रहने गरि वित्तिय व्यवस्थापन गरिएकोमा स्वपुँजी अन्तर्गत ५१% संस्थापक शेयरधनी र ४९% सर्वसाधारण शेयरधनी हुनेगरि व्यवस्था गरिएको छ। संस्थापक शेयरधनी अन्तर्गत नेपाल विद्युत प्राधिकरण १८%, चिलिमे जलविद्युत कं. लि. ३२.७९% तथा रसुवा जिल्लाका स्थानीय तह ०.२१% बाट सम्पुर्ण शेयर बापतको रकम रु.३ अर्व ४८ करोड ९४ लाख ७१ हजार र सर्वसाधारण शेयरधनी तर्फ रसुवा जिल्ला बासीलाई छुट्टयाइएको १०% बाहेक अन्य समुहको प्राथमिक शेयर निष्काशन गरि प्राप्त २ अर्व ६६ करोड ८४ लाख १९ हजार समेत गरि कुल चुक्ता पुँजी रु. ६ अर्व १५ करोड ७८ लाख ९० हजार कायम भएको छ।

आयोजना निर्माणका लागि सम्पुर्ण ऋृण कर्मचारी संचयकोष बाट प्राप्त हुने गरि ऋृण सम्झौता भई ऋृण परिचालन भई रहेको छ। उक्त कर्जामा बार्षिक व्याजदर १०.७५% ले हुने व्याज आयोजना निर्माण अवधि भरि प्रत्येक ३ महिनामा पुँजीकरण गरिने छ।

कम्पनीद्वारा निमार्णाधिन १११ मे.वा. क्षमताको रसुवागढी जलविद्युत आयोजनाबाट २०७७ आषाढ मसान्त सम्म विद्युत उत्पादन गर्ने लक्ष्य रहेकोमा निम्न काबु बाहिरको परिस्थितीका कारण आयोजना समपन्न हुन सकेन।

- गतवर्ष आएको बाढी (flash flood) का कारण हेडवर्सको निर्माण कार्य स्थगित भएको साथै आयोजना क्षेत्रभित्र निरन्तर गएको पहिरोका कारण वर्षायाम अवधिभर अडिट सुरुङ्गहरु CA #2, CA #3 / CA #4 मा कार्य अगाडि बढाउन नसकिएको।
- २० जुन २०१९ मा गएको पहिरोको कारण सर्ज साफ्ट जाने पहुँचमार्ग क्षतिग्रस्त भएकोमा १८ डिसेम्बर २०१९ मा मात्र अडिट सुरुङ्गहरु CA #3 / CA #4 को पहुँच मार्गको मर्मत सम्भार गरी, तत्पश्चात मात्र सर्ज साफ्ट को कार्य अगाडि बढाइएको।
- आयोजनाको टेलरेस टनेलको करिब ७० मी. लम्बाईमा अत्यन्त कमजोर भौगर्भिक अवस्थाका कारण करिब ३५ मी क्षेत्र खुम्चिन गई निर्माण कार्य अगाडि बढाउन कठिनाई भएको र हालसम्म सुस्त गतिमा उक्त कार्य अगाडि बढाइएको।
- विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस (कोभिड- १९) को कारण नेपाल सरकारबाट २०७६ साल चैत्र ११ देखि बन्दाबन्दी लागू भएकोमा विभिन्न निकायहरुको समन्वय पछि लट १- सिभिल तथा हाइड्रोमेकानिकल कार्यका ठेकेदारबाट सिभिल निर्माण कार्य अगाडि बढाएको भएता पनि लट २- इलेक्ट्रोमेकानिकल कार्यका ठेकेदारले कोभिड- १९ को कारण निजको देशमा भएको बन्दाबन्दीको कारण देखाई २०७६ साल चैत्र ८ मा एकतर्फी रुपमा साइट कार्यालय छाडी गएको र हालसम्म पनि उक्त लट अन्तर्गतको कार्य सुचारु हुन नसकेको।
- यस बर्षको बर्षायामको शुरुवातमा नै असार ५ र ६ गते आयोजना स्थलमा आएको बाढी (flash flood) ले हेडवक्सको कफर ड्याम बगाएको कारण उक्त स्थानमा कार्य अगाडी बढाउन अवरोध भएको, अडिट सुरुङ्ग CA# 2 जाने बेलीब्रिजमा क्षति पुर्‍याई सो स्थानबाट आवत जावतमा कठिनाई उत्पन्न भएको तथा CA #3 / #4 मा आएको पहिरोको कारण पहुँच मार्गमा पूर्ण रुपमा क्षति पुगेको।

ख) आगामी अवधिको व्यवसायिक योजनाका सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण।
माथि (क)मा उल्लेखित कारणहरुबाट आयोजनाको पूर्व निर्धारित कार्यतालिका अनुरुप निर्माण कार्य हुन नसकेको र पछिल्लो संशोधित कार्यतालिका बमोजिम आ.व.२०७७/०७८ सम्ममा विद्युत उत्पादन गर्ने लक्ष्य रहेको छ। व्यापारिक विद्युत उत्पादन पश्चात रसुवागढी जलविद्युत आयोजनाबाट बार्षिक ६१ करोड ३८ लाख ७५ हजार युनिट विद्युत शक्ति उत्पादन भई बार्षिक ३ अर्व २५ करोड आम्दानी प्राप्त हुनेछ।

ग) रसुवागढी जलविद्युत आयोजनाको निमाण अवधिको व्याज वाहेकको शुरु लागत अनुमान रु.१३ अर्व ६८ करोड ४२ लाख हुने गरि निर्माण कार्य सुरु गरिएकोमा बिदेशी मुद्रा विनिमय दरमा परिवर्तन, बन्द हड्ताल तथा प्राकृतिक बिपत्ती का कारण आयोजना निमार्णको गति तथा लागतमा प्रभाव पर्ने।

३. कानूनी कारबाही सम्बन्धी विवरण

(क) त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन,

(ख) संगठित संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको छैन,

(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन।

४. संगठित संस्थाको शेयर कारोबार तथा प्रगतिको विश्लेषण

| शेयरको अधिकतम मूल्य (रु.) | शेयरको न्यूनतम मूल्य (रु.) | शेयरको अन्तिम मूल्य (रु.) | कारोबार शेयर रकम | कारोबार शेयर संख्या | कारोबार भएको कुल दिन |
|---|---|---|---|---|---|
| १८८/- | १४७/- | १५३/- | २४,९१,०२,१६२ | १४८१८०८ | ४६ |

५. समस्या र चुनौती

यस कम्पनी द्वारा निमार्णाधिन १११ मे.वा. क्षमताको रसुवागढी जलविद्युत आयोजना निर्माणाधीन अवस्थामा रहेको छ। मुख्यतय भुकम्प, नाकाबन्दी लगायतका कारण सिभिल कार्यको ठेकेदारबाट निर्माण कार्य ढिलाई हुन गई अनय लटहरुको निर्माण कार्यमा समेत असर पर्न गएकोले आयोजनालाई तोकिएको अवधि र तोकिएको लागत भित्र सम्पन्न गर्न चुनौती रहेको छ। आयोजनाको म्याद थप भएको कारण आयोजना सम्पन्न हुँदा केही लागत बढ्न जाने भएको छ। आयोना निर्माण स्थल विकट स्थानमा रहेको र पहिरोको जोखिम अधिक रहेकोले समय समयमा निर्माण कार्य समेत असर परिरहेको।

६. संस्थागत सुशासन

कम्पनी ऐन २०६३, आयकर ऐन २०५८, धितोपत्र ऐन २०६३ लगायतका कम्पनीलाई लागु हुने ऐन तथा नियमावलीहरुको पालना गरिरएको छ। कम्पनीको संस्थागत सुशासनका निम्ति लेखा परिक्षण समिति, आयोजना कार्यान्वयन तथा अनुगमन समिति र पदपूर्ति समिति गठन गरि कार्यान्वयनमा ल्याइएको छ। कम्पनीको आर्थिक तथा प्रशासनीक कार्य लाई व्यवस्थित गर्न आर्थिक प्रशासन विनियामवली र कर्मचारी व्यवस्थापनका लागि कर्मचारी सेवा सर्त विनियमावली लगायतका नियम विनियमहरु संचालक समितिबाट स्वीकृत गराई लागु गरिएको छ।

७. सत्य, तथ्यता सम्बन्धमा अध्यक्ष/कार्यकारी प्रमुखको उद्घोषण

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

cmyk